# उच्च अदालत पाटनबाट जारी सूचना

बिश्वभर फैलिएको कोभिड–१९ को नयाँ भेरियन्टको संक्रमण दर नेपालमा बढ्दै गइरहेको, सोको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारका सम्बद्ध निकायबाट जारी निषेध आदेश तथा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७८।१।१४ मा जारी प्रेश बिज्ञप्तीसमेतलाई मार्गनिर्देशनका रुपमा ग्रहण गरी यस अदालतबाट प्रवाह हुने सेवामा मिति २०७८।१।१६ देखि संकुचन ल्याई त्यसैलाई हालसम्म निरन्तरता दिइदै आएकोमा सर्वोच्च अदालतबाट श्रब्य दृष्य सम्बाद ( भिडियो कन्फरेन्स) मार्फत सुनुवाई सञ्चालनसम्बन्धी निर्देशिका, २०७८ जारी भएको तथा पछिल्लो समयमा भएको बेञ्च-बार अन्तरक्रिया तथा अन्य सरोकारवालाहरुसँग भएको छलफल र प्राप्त पृष्ठपोषण/सुझावसमेतका आधारमा यस अदालतबाट मिति २०७८।१।१६ देखि गरिएको सेवा प्रवाहको संकुचन र सोलाई हालसम्म दिइएको निरन्तरतामा पुनरावलोकन गरी मिति २०७८।०२।२३ गते देखि देहाय बमोजिका सेवा प्रवाह गरिने व्यहोरा मिति २०७८/०२/२१ गतेको पूर्ण बैठकको निर्णयानुसार सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>देहायः-</u>

१. मिति २०७८।०१।१६ बाट सेवा संकुचन गरी प्रवाह गरिएका सेवाहरु बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता र सुनुवाई, बैंकिङ्ग कसुर तथा राजश्व चुहावट मुद्दामा अभियोगपत्र दर्ता, बयान र थुनछेक आदेशको कार्य, पक्राउ अनुमति, जरुरी पक्राउ पूर्जीको समर्थन, अनुसन्धानको क्रममा अभियुक्तलाई थुनामा राख्न म्याद थप, मुद्दा फिर्ता/मिलापत्र तथा सजाय निर्धारणलगायतका कार्यलाई यथासम्भव बिद्युतिय माध्यमको प्रयोग गरेर निरन्तरता दिने ।

२. मुलुकी फौजदारी कार्यबिधि सँहिता, २०७४ को दफा ७३ अन्तर्गत थुनुवाका निवेदन दर्ता गरी प्रारम्भिक सुनुवाई गर्ने। सेवा संकुचन हुनु अगाडि नै निवेदन दर्ता भई कैफियत प्रतिवेदन प्राप्त भएका संयुक्त इजलासमा पेश हुने थुनुवाका निवेदनसँग सम्बन्धित प्रतिवेदनहरु पुरानोको क्रमानुसार सुनुवाई गर्ने ।

३. निवेदकको गुज्रेको तारिख थमाउने अवधि मिति २०७८।१।१५ सम्ममा ब्यतित भइसकेका रिट/निवेदनहरुको सुनुवाई गर्ने ।

४. जोखिमको अवस्थाको र परिस्थितिको मूल्याङ्कन गरी साप्ताहिक पेशी सूचिमा चढाई मिति २०७८/०२/३० बाट देहायका मुद्दाहरुको क्रमशः सुनुवाई गर्नेः-

क) साधक दर्ता र साधक जाँचका लागि परेका मुद्दाहरुको सुनुवाई गर्ने ।

ख) नेपाल सरकारको पुनरावेदन परी प्रत्यर्थी झिकाउने आदेश भइ नसकेका पुनरावेदनलाई सुनुवाई गर्ने ।

ग) पक्ष तारिखमा नरहेका मुद्दाहरु सुनुवाई गर्ने ।

घ) बैंकिङ्ग कसुरलगायतमा प्रतिवादी फरार रही मिति २०७८।०१।१५ सम्ममा उपस्थित हुने म्याद गुज्रिसकेका पेशी चढ्न योग्य मुद्दाहरुको सुनुवाई गर्ने

५. प्रकरण नं. १, २, ३ र ४ मा उल्लेख गरिएका सेवाहरु सञ्चालन गर्दा देहायबमोजिम गर्नेः—

क) स्वीकृत स्वास्थ्य सुरक्षाका मापदण्डहरु सबैले अनिवार्यरुपमा पालना गरेको हुनुपर्ने ।

ख) उपरोक्तानुसार सुनुवाई हुने भनि तय भएको मुद्दाको सुनुवाई सम्भव भएसम्म बिद्युतिय/भर्चुअल माध्यमबाट गर्ने ब्यवस्था मिलाउने। यसको लागि सर्वोच्च अदालतबाट जारी भएको श्रब्य दृष्य सम्बाद ( भिडियो कन्फरेन्स) मार्फत सुनुवाई सञ्चालनसम्बन्धी निर्देशिका, २०७८ को अवलम्बन गरिने। श्रब्य दृष्य सम्बाद (भिडियो कन्फरेन्स) मार्फत सुनुवाई सञ्चालनको लागि यस अदालतको सूचना प्रविधि अधिकृतसमेतको सहयोगमा प्रशासनले युजर म्यानुअल बनाई सम्प्रेषण गर्ने ।

ग) बिद्युतिय/भर्चुअल माध्यमबाट गर्न नसकिने अबस्था रहेको वा भौतिक उपस्थितिबाटै गर्नुपर्ने देखिएकोमा सुनुवाईमा पक्ष बिपक्षका एक/एक जना कानून ब्यवसायीमात्र इजलासमा उपस्थित हुने ब्यवस्था मिलाउने। सो भन्दा बढी कानुन ब्यवसायी रहेमा आलोपालो गरी बहस ब्यवस्थापन गर्ने वा बहसनोट पेश गर्ने प्रवन्ध मिलाउने। यसको सहजीकरण उच्च अदालत बार एशोसियसनले समेत गर्ने गरी अनुरोध गर्ने ।

घ) संक्रमणको जोखिमलाई मध्यनजर गरी तोकिएका संख्यामा नबढ्ने गरी मुद्दा तथा निवेदन पेशीमा चढाउने, माननीय न्यायाधीशहरु तथा कर्मचारीहरुको उपस्थिति कम गर्ने र आलोपालो गरी उपस्थित हुने ब्यवस्था मिलाउने ।

ङ) स्वास्थ्य सुरक्षाको न्यूनतम मापदण्डको अवलम्बन गरी निवेदन तथा मुद्दा दर्ताको ब्यवस्थापन प्रशासनले मिलाउने ।

६. निषेध आदेश जारी भएको अवस्थामा मुद्दाको हदम्याद, म्याद, तारिख नगुज्रने। यस सम्बन्धमा सर्वोच्च अदालतको बृहत पूर्ण इजलासबाट मिति २०७७।०२।१५ मा भएका आदेशबमोजिम हुने ।

७. जोखिमको अवस्था र परिस्थितिको मूल्याङ्कन गरी उच्च सरकारी वकिल तथा उच्च अदालत बार एशोसियसनलगायतका सरोकारवालाहरुसँग छलफल गरी सेवा प्रवाहमा बिस्तार/संकुचन तथा दर्ता र सुनुवाई बिधिमा पुनरावलोकन गर्दै जाने ।

अमृता कुमारी शर्मा

प्रवक्ता

मितिः-२०७८/०२/२१